# भविष्यको सम्झौता प्रक्रियाको निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवको प्रासङ्गिकता

कार्यक्रमको दोस्रो चरणमा नेपालमा भविष्यका सम्झौता वार्तानिम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवबाट पाठ सिक्ने कुरालाई जोड दिइयो। नेपाल विद्यार्थी सङ्घका तत्कालीन महामन्त्री गगन थापाले भविष्यमा हुने वार्ताका लागि के के कुरा केन्द्रविन्दुमा राख्न सकिन्छ भन्नेबारेमा प्रकाश पार्नुभयो। नेपाली राज्यको चरित्र नै अहिलेको द्वन्द्वको मुल कारक रहेको कुरा वहाँको कथन थियो।

ने.क.पा. एमालेका स्थायी समितिका सदस्य झलनाथ खनालले श्रीलङ्काली अनुभवबाट नेपालले सिक्न सक्ने पाठका बारेमा बोल्नु भयो। श्रीलङ्काली अनुभवबाट सिक्ने एउटा मुख्य कुरा अन्तर्राष्ट्रिय संलग्नताबारे हो, वहाँको विचार थियो।

पहिलो सरकार-माओवादी वार्तामा सत्तापक्षबाट गठित वार्ता टोलीका सदस्य तथा नेपाली काङ्ग्रेस केन्द्रीय समिति सदस्य चक्रप्रसाद बाँस्तोलाले दक्षिण अफ्रिकी अनुभवका आधारमा नेपालका असफल वार्ताको विश्लेषण गर्दै भविष्यमा सम्झौता वार्ताको आवश्यक रहेको बताउनु भयो। नेपालमा भएका वार्ताहरु विना तयारी हचुवाको भरमा गरिएको कुरामा वहाँको स्वीकारोक्ति थियो।